# विहादी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## वहाकीठाँटी, पर्वत
गण्डकी प्रदेश, नेपाल

पत्र संख्या :- २०८२।०८३
चलानी नं. :-

मिति :- २०८२।१०।०७
ने.स. ११४६ सिल्लाथ्व ३, बुधवार

विहादी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
वहाकीठाँटी, पर्वत
गण्डकी प्रदेश, नेपाल
२०७३

**सूचना नं. : ४८**

**बेकरी बनाउने तालिमको लागि प्रस्ताव सहितको आवेदन पेश गर्ने सूचना !**

प्रस्तुत विषयका सम्बन्धमा यस विहादी गाउँपालिकाको चालु आर्थिक वर्ष २०८२।०८३ को उद्यम विकास शाखाको वार्षिक बजेट तथा कार्यक्रम अनुसार विहादी गाउँपालिका अन्तर्गत रहनुभएका युवा / युवतीहरुको लागि लघु उद्योग स्थापना तथा सञ्चालन गरि आर्थिक उत्पादनलाई प्रोत्साहन गर्ने उद्देश्यले बेकरी बनाउने तालिम तथा प्रविधि हस्तान्त्रण कार्यक्रम सञ्चालन हुन लागेकोले उक्त तालिममा सहभागि भई उद्योग स्थापना गर्न ईच्छुक देहाय बमोजिमको योग्यता पुगेका व्यक्तिहरुले यो सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिनभित्र उद्योग / व्यवसाय संचालनको प्रस्ताव सहित आवेदन पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ ।

**देहाय :**

**१. तालिममा सहभागि हुनको लागि आवश्यक योग्यता :**

- **न्यूनतम शैक्षिक योग्यता :** १०+२ वा सो सरह उत्तीर्ण
- **उमेर :** १८ वर्ष पुरा भई ३० वर्ष ननाघेको

**२. तालिम सञ्चालन हुने स्थान :** ओद्योगिक ग्राम, विहादी गाउँपालिका – २, बर्राचौर, पर्वत

**३. आवेदन साथ पेश गर्नुपर्ने कागजातहरु :**

- तालिममा सहभागि गराईदिने व्यहोराको निवेदन
- आवेदकको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी
- तालिम पश्चात उद्योग / व्यवसाय सञ्चालनको प्रस्ताव
- तालिम लिए पश्चात सिकेको सिपलाई सदुपयोग गर्दै स्थानीय स्तरमा उद्योग / व्यवसाय सञ्चालन गर्ने प्रतिबद्धता

**४. छनौटको आधार :**

- आवेदकले पेश गरेको प्रस्तावको मुल्यांकन
- अन्तर्वार्ता

थमन बहादुर रेश्मी
प्रमुख प्रशासकीय अधिकृत